पहिलाका अम्बिया (सन्देष्टाहरू)सित मान्छेहरूले जे कुरा सिकेका थिए, (त्यसमध्ये यो पनि हो) कि तिमीलाई लाज नभए जे मन लाग्छ गर ।

हजरत अबू मस्वूद (रजियल्लाहु अन्हु)द्वारा वर्णन छ, भन्नु हुन्छ : नबी(सल्लल्लाहु
अलैहि वसल्लम)ले भन्नु भयो; पहिलाका अम्बिया (सन्देष्टाहरू)सित मान्छेहरूले जे
कुरा सिकेका थिए, (त्यसमध्ये यो पनि हो) कि तिमीलाई लाज नभए जे मन लाग्छ गर ।
[सही] [बुखारीले वर्णन गरेका छन्]

नबी (सल्लल्लाहु अलैहि वसल्लम)ले हामीलाई भन्नु भयो: कि अघिल्ला समयका सन्देष्टाहरूले गरेका अर्ती र उपदेशहरू जो मानिसहरू बीचमा फैलिएका छन् र सन्तान दर सन्तान हस्तान्तरण हुँदै यो समुदायका पहिलो वंशज सम्म आइ पुगे , तिमध्ये यो पनि हो कि जुन काम तपाईं गर्न लाग्नु भएको छ त्यसलाई हेर्नु होस्, यदि त्यो काम गर्नका लागि कुनै लाज छैन भने त्यो काम गरि हाल्नुस् , र यदि त्यो काममा तपाईंलाई लाज मान्नु पर्ने छ भने , त्यसलाई छोडि दिनु होस्; नराम्रो कर्मको बाधक भनेको लाज लाग्नु हो र जसलाई लाज हुँदैन ऊ हरेक प्रकारका अनैतिक र निन्दनीय कामहरूमा लिप्त हुन्छ ।

https://sunnah.global/hadeeth/ne/show/4559